# वोमी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## Womi Microfinance Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, भरतपुर-१२, चितवन, फोनः ०५६-५२०४०६, फ्याक्सः ०५६-५२०४०८


प.सं. प्र-४१  
च.नं. ५३/०७५/७६

मिति : २०७५।०६।१४

श्री नेपाल स्टक एक्सचेन्ज लि.  
सिंह दरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने बारे ।**

महाशय ,

यस वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभा २०७५ कार्तिक १७ गते शनिबार हुने भएकोले साधारण सभा प्रयोजनको लागि मिति २०७५।०७।०४ गते देखि २०७५।०७।१७ सम्म शेयर दाखिल खारेज बन्द रहने व्यहोरा मिति २०७५।०६।१२ गते शुक्रवार वसेको सञ्चालक समितिको वैठकको निर्णयानुसार अनुरोध गरिन्छ । साधारण सभा वस्ने वारेको सूचना तथा छलफलका विषयहरु सहितको सूचना मिति २०७५।०६।१५ गतेको अभियान राष्ट्रिय आर्थिक दैनिकमा प्रकाशित गरिने व्यहोराको जानकारी सहित प्रकाशित गरिने सूचना यसै साथ संलग्न गरी तहाँ पेश गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

संलग्न  
प्रकाशित गरिने सूचना - १ प्रति

भवदीय  
(प्रमेश आचार्य)  
प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव

वोधार्थ  
१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर  
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं  
३. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, काठमाण्डौं ।

वोमी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
WOMI MICROFINANCE BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, भरतपुर, चितवन
फोन नं.: ०५६-५२०४०६

## सातौं वार्षिक साधारण सभाको सूचना

मिति २०७५ आश्विन १२ गते शुक्रवार बसेको संचालक समितिको १०९ औं बैठकको निर्णयानुसार संस्थाको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायमा उल्लिखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति :२०७५ कार्तिक १७ गते शनिवार, (तदनुसार ३ नोभेम्बर, २०१८)

समय :दिउँसो १:३० बजे

स्थान : पुल्चोक, नारायणघाट, चितवन स्थित जेसीज भवनको सभाहल ।

छलफलका विषयहरु :

**क) सामान्य प्रस्तावहरु :**

१.सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७४।०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२.लेखा परीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३.कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७५/७६ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (साबिकको लेखापरीक्षक श्री एच. पाठक एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)

४.सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने कर सहितको रकम रु २,५२,७२,०००।-(अक्षरुपी दुई करोड बाउन्न लाख बहत्तर हजार रुपैया) नगद लाभांश स्वीकृत गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१.संस्थाको कार्यक्षेत्र विस्तार गरी राष्ट्रियस्तरको बनाउने प्रयोजनार्थ आवश्यक स्वीकृति लिई प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने ।

२.संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघु वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त लघु वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्ति सँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

३.संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग) विविध प्रस्तावः**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

वोमी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
स्था. २०६८
केन्द्रीय कार्यालय : भरतपुर, चितवन
Womi for prosperity

**साधारण सभा सम्वन्धी थप जानकारी**

१.वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज २०७५ कार्तिक ४ गते देखि १७ गतेसम्म बन्द रहनेछ ।

२.शेयरधनी दर्ता पुस्तीका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना, संक्षिप्त आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश पत्र पठाइने छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो कुनै एक सक्कल शेयर प्रमाण पत्र साथमा लिइ आउनुहुन अनुरोध छ । सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्र समेत अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि प्रोक्सी नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालय, भरतपुर, चितवनमा साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ती समेत संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

४. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्वन्धमा केही जिज्ञाशा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । प्रेषित विषयलाई छलफल र पारीत हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

५. साधारण सभाको दिन साधारण सभा हुनुभन्दा एक घण्टा अगावै देखि शेयरधनी हाजिरी पुस्तीका खुला रहने छ ।

६.नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तीले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधी (प्रोक्सी) तोक्न सक्नेछ ।

७. साधारण सभामा भाग लिन आउँदा, जाँदा लागेका खर्च लगायत कुनै प्रकारको खर्चको सोधभर्ना संस्थाले नदिने व्यहोरा अनुरोध छ ।

८.साधारण सभा सम्वन्धि थप जानकारी चाहिएमा संस्थाको केन्द्रिय कार्यालयको टेलिफोन नं. ०५६-५२०४०६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।